आर्थिक बर्ष : २०८२/८३

बैठक संख्या :२

आज मिति २०८२/०५/१९ गतेका दिन बिरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवरज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थितिः

श्री सूर्य बहादुर कुवँर अध्यक्ष

श्री भगवती शर्मा उपाध्यक्ष

श्री राजेन्द्र कुमार के.सी. सदस्य

श्री नोम बहादुर गुरुङ सदस्य.

श्री मनुकुमारी राना सदस्य

श्री मुक्त बहादुर गुरुङ सदस्य

श्री ङन बहादुर थापा सदस्य

श्री कृष्णबहादुर क्षेत्री सदस्य

श्री मेखराज गुरुङ सदस्य

श्री नविन कुमार आले सदस्य

श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य

श्री र माया गुरुङ सदस्य

श्री दुर्मा देवी थापा सदस्य

श्री इन्दिरा पोख्रेल सदस्य

श्री पाल सिं विश्वकर्मा सदस्य

श्री कोपिला वि.क. सदस्य

श्री भेषराज आचार्य सदस्य सचिव प्र.प्र.अ.

अन्य उपस्थिति

श्री पिताम्बर पोख्रेल प्रशासकीय अधिकृत

श्री दिपक ढुङ्गाना सहायक प्रशासकीय अधिकृत

श्री शंकर चापागाई सहायक लेखा अधिकृत

श्री गणेश गुरुङ कार्यालय सहयोगी

बिरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

मिति :२०८२/०५/१९

प्रस्ताव नं. १

नदीजन्य पदार्थको आय ठेक्का व्यवस्थापन सम्बन्धमा।

निर्णय नं. १

बिरुवा गाउँपालिका क्षेत्रभित्र बहने नदी तथा अन्य सार्वजनिक र निजी जग्गाहरुबाट ढुङ्गा, गिटी, बालुवा (दहत्तर बहत्तर) संकलन सम्बन्धमा तपसिल बमोजिम निर्णय गरियो।

क. बिरुवा गाउँपालिका क्षेत्रभित्र बग्ने मेमखोला, बास्तारा खोला र ज्याग्दीखोला क्षेत्रभित्र ढुङ्गा, गिटी, बालुवा (दहत्तर बहत्तर) उत्खनन् तथा संकलनका लागि तयार गरीएको IEE प्रतिवेदनमा नदीजन्य पदार्थ उत्खनन् तथा संकलनका लागि उल्लेख भएका घाटहरुलाई तपसिल बमोजिम कायम गरी प्रतिवेदनमा उल्लेखित मात्रामा उत्खनन् गर्ने गरी आय ठेक्का अगाडी बढाउने निर्णय गरियो।

तपसिल :

घाट नं.१ — गैरी

घाट नं.२ — भुवान

घाट नं.३ — लाटापिपल,

घाट नं.४ — लामाखेत

घाट नं.५ — बगैंचा

घाट नं.६— अम्बोट

घाट नं.७— राक्सेबोट

घाट नं.८— दोभान

ख. बिरुवा गाउँपालिका क्षेत्रभित्र बग्ने मेमखोला, बास्तारा खोला र ज्याग्दीखोला क्षेत्रभित्र ढुङ्गा, गिटी, बालुवा (दहत्तर बहत्तर) उत्खनन् तथा संकलनका लागि तयार गरीएको IEE प्रतिवेदनमा नदीजन्य पदार्थ उत्खनन् तथा संकलनका लागि उल्लेख भएका घाटहरुमध्ये बिरुवा गाउँपालिका वडा नं १ स्थित दोभान घाटबाट गत वर्ष गाउँपालिकाले उत्खनन् गरी नजिकैको बिरुवा बसपार्क क्षेत्रभित्र संकलन गरिएको ढुङ्गा, गिटी, बालुवा (दहत्तर बहत्तर) को मात्रा प्राविधिक प्रतिवेदन मार्फत एकीन गरी प्रदेश सरकारबाट निर्धारण गरिएको दररेटमा दश प्रतिशत वृद्धि गरी आय ठेक्का अगाडी बढाउने निर्णय गरियो।

प्रस्ताव नं. २

आधारभूत अस्पताल संचालन खर्च माग सम्बन्धमा।

निर्णय नं. २

बिरुवा गाउँपालिका वडा नं. ६ चिन्नेबासमा यस पालिका अन्तर्गतको पालिका स्तरीय अस्पताल (१० शैयाको आधारभुत अस्पताल) संचालन गरिएको र उक्त अस्पतालको भवन निर्माणको लागि

बिरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

नेपाल सरकार सँग बजेट माग नगरी अन्य स्रोतबाट भवनको व्यवस्था गरिएको, हाल उक्त अस्पतालको संचालन गर्न पालिकाकको आफ्नो स्रोतबाट मात्र कठिनाई भएको हुँदा उक्त अस्पतालको लागि आवश्यक पर्ने उपकरण, जनशक्ति व्यवस्थापन लगायत अस्पताल संचालनको लागि आवश्यक बजेट व्यवस्थाको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने सर्वसहमतिले निर्णय गरियो।

**प्रस्ताव नं. ३**

सामाजिक सुरक्षा कोष कार्यक्रम संचालनका लागि संघिय सरकारसंग रकम माग सम्बन्धमा।

**निर्णय नं. ३**

बिरुवा गाउँपालिकाले गत आ. व. २०८१/८२ देखि अनौपचारीक क्षेत्रका ३६ जना विपन्न श्रमिकहरुको लागि योगदानमा आधारीत सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा कोषमा आवद्ध गरेको र चालु आ.व. देखि अनौपचारीक क्षेत्रका श्रमिकहरुको साथ साथै नेपाल सरकारको विभिन्न परिपत्र बमोजिम गाउँपालिका अन्तर्गत कार्यरत करार कर्मचारी, करार शिक्षक तथा करारमा स्वास्थ्य क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई समेत उक्त कार्यक्रममा आवद्ध गर्ने पालिकाको योजना रहेकोमा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिम योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको दायित्व संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह गरी ३ वटै तहमा रहेको र स्थानीय तहको मात्र एकल प्रयासमा उक्त कार्यक्रम कार्यान्वयन गर्न नसकिने हुदा उक्त कार्यक्रम कार्यान्वयनको लागि आवश्यक बजेट व्यवस्थाको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने सर्वसहमतिले निर्णय गरियो।

**प्रस्ताव नं. ४**

अबरुद्ध सिंचाई संरचना सञ्चालनको लागि सिफारिस सम्बन्धमा।

**निर्णय नं. ४**

पूर्वाधार विकास कार्यालय, स्याङ्जा मार्फत बिरुवा गाउँपालिका वडा नं. १ बास्ताराखोलामा पर्ने राक्सेघाटमा मोटरेबल पुल निर्माण कार्य गर्दा सोहि स्थानबाट सिंचाई हुने २ वटा कुलो अबरुद्ध हुन पुगेको र उक्त योजनाको लागत अनुमान तयार गर्दा कुलो संचालन हुने गरी कुनै पनि संरचनाको लागत अनुमान तयार नभएको पाईएकोले उक्त स्थानमा कम्तीमा २ वटा ६० से.मी. डायमिटर भएको २ वटा ह्यूमपाईप राख्दा उक्त कुलो नियमित संचालन हुने अवस्था देखिएकोले सोको लागि सम्बन्धित कार्यालयमा सिफारिस गर्ने सर्वसहमतिले निर्णय गरियो।

भेषराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

बिरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

प्रस्ताव नं. ५

संघिय विशेष अनुदानको प्रस्तावना सामान्य संशोधन सम्बन्धमा।

निर्णय नं. ५

आ.व. २०८२/८३ को लागि बिरुवा गाउँपालिकाबाट संघीय सरकार समक्ष पेश गरिएको सघीय विशेष अनुदान कार्यक्रममा कार्यक्रम कार्यान्वयनको प्रस्तावनामा उल्लेखित भन्दा कम बजेट विनियोजन भएको र उक्त आर्थिक प्रस्तावना कार्यान्वयनको क्रममा १ वटा विषय क्षेत्र समावेश गर्न र १ वटा विषयक्षेत्र हटाई परिमार्जित प्रस्तावना तयार गर्न आवश्यक देखिएकोले उक्त प्रस्तावनामा तपसिल बमोजिम संशोधन गरी खरिद प्रकिया अगाडि बढाउन कार्यालयलाई अनुमति प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

पेश गरिएको प्रस्तावना

| क्र.स. | विवरण | एकाई | प्रति एकाई लागत (रु) | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | स्मार्ट बोर्ड (SMART BOARD) | ५० | २,५०,०००।- | १,२५,००,०००।- | |
| २ | ल्यापटप (LAPTOP) | ५० | ८०,०००।- | ४०,००,०००।- | |
| ३ | प्रोजेक्टर (PROJECTOR) | १० | ५०,०००।- | ५,००,०००।- | |
| ४ | विज्ञान प्रयोगशाला निर्माण | ९ | ६,५०,०००।- | ५८,५०,०००।- | |
| ५ | शिक्षकहरुको लागि सूचना प्रविधि तालिम | - | - | ५,००,०००।- | |
| ६ | विविध | - | - | १,५०,०००।- | |
| जम्मा | | - | - | २,३५,००,०००।- | |

संशोधित प्रस्तावना

| क्र.स. | विवरण | एकाई | प्रति एकाई लागत (रु) | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | स्मार्ट बोर्ड (SMART BOARD) | ३९ | २,५०,०००।- | ९७,५०,०००।- | |
| २ | ल्यापटप (LAPTOP) | २० | ८०,०००।- | १६,००,०००।- | |
| ३ | प्रोजेक्टर (PROJECTOR) | ९ | ५०,०००।- | ४,५०,०००।- | |
| ४ | ई. हाजिरी | २५ | ३०,०००।- | ७,५०,०००।- | |
| ५ | शिक्षकहरुको लागि सूचना प्रविधि तालिम | - | - | ३,५०,०००।- | |
| जम्मा | | - | - | १,२९,००,०००।- | |

भेषराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

बिरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

**प्रस्ताव नं. ६**

नागरिक आरोग्य केन्द्र संचालन सम्बन्धमा।

**निर्णय नं. ६**

विगतमा प्रदेश सरकार मातहत संचालन भई आएका नागरिक आरोग्य केन्द्रहरुको स्वामित्व आ.व. २०८२/८३ मा स्थानीय तहले लिने गरी संघीय शर्शत अनुदानमा नागरिक आरोग्य केन्द्र संचालन तथा अभियान शिर्षकमा बजेट विनियोजन भई आएकोमा सो को लागि नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तयार गरेको कार्यक्रम कार्यान्वयन मार्गदर्शनमा विगतमा स्थापना भएका आरोग्य केन्द्रहरुको स्वामित्व स्थानीय तहले लिई सो सेवा केन्द्रमा सेवा करारमा रहेका जनशक्तिको सेवा करार गरी निरन्तरता दिने व्यवस्था र सोहि व्यहोराको आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागको मिति २०८२/०५/०६ चं. नं. ५४ को पत्र बमोजिम आरोग्य केन्द्रमा कार्यरत कर्मचारीहरुलाई तपसिल बमोजिम पद कायम गरी २०८२ श्रावण १ गतेदेखि सोहि शिर्षक बाट तलब भत्ता भुक्तानी हुने गरी सेवा करारमा निरन्तरता दिने निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | साविक पद | कायम हुने पद | तलब भत्ता | कैफियत |
|---|---|---|---|---|
| १ | कविराज (पाँचौ) | बैद्य (चौथो) | नेपाल सरकारले तोके बमोजिम | |

साथै सोहि मार्गदर्शनमा पालिकाले थप बजेट व्यवस्था गर्न सक्ने व्यवस्था बमोजिम थप बजेट व्यवस्था गरी सो केन्द्र संचालनको लागि आवश्यक तपसिलको पद कायम गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | पद | तलब भत्ता | कैफियत |
|---|---|---|---|
| १ | अभ्यङ्गकर्ता (श्रेणीविहिन) | गाउँपालिकाले तोके बमोजिम | |

**प्रस्ताव नं. ७**

सडक सरसफाई सम्बन्धमा। (राङखोला धोवादी र अन्य)

**निर्णय नं. ७**

यस वर्षायामको वर्षा संगै राङखोला धोवादी सडकको रातो पहरामा गएको पहिरो पन्छाउने कार्य बिरुवा गाउँपालिका भित्र उपलब्ध उपकरणले सम्भव नभई सडक डिभिजन कार्यालय, पोखरा बाट उपकरण मगाई प्रयोग गर्दाको इन्धन बापतको रकम भुक्तानि गर्ने निर्णय गरियो साथै सोहि अवधिमा भएको अविरल बर्षाका कारण सिर्जित मनसुनजन्य विपदका कारण भएको सडक अवरोध हटाउन तपसिल सडकखण्डमा विभिन्न समयमा प्राविधिक सिफारिस र आवश्यकताका आधारमा प्रयोग भएका मेसिनको खर्च तथा आउँदै गरेका चाडबाडहरुलाई लक्षित गरी संचालन हुने सडक मर्मत तथा सरसफाई बापतको खर्च गाउँपालिका कार्यालयले विभिन्न सडक मर्मत तथा सरसफाई खर्च

भेषराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

बिरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

शिर्षकबाट भुक्तानी दिने तथा अन्य सडकहरुको हकमा सम्बन्धित वडा कार्यालयको सडक सरसफाई शिर्षकबाट भुक्तानी गर्ने व्यवस्था गर्ने गराउने सर्वसहमतिले निर्णय गरियो।

तपसिल :

| क्र.सं. | सडकको नाम |
|---|---|
| १ | धोवादी विरुवा सडक |
| २ | ज्याग्दी करीडोर |
| ३ | धोवादी खाली खाङराङ ज्यामिरे सडक |
| ४ | भन्ज्याङ्ग बाहुँ विरुवा सडक |
| ५ | बिरुवा किचनास प्यारसिङ्ग हरिनास सडक |
| ६ | ललाङ तर्ले कुसुमभन्ज्याङ्ग बसेनी सडक |
| ७ | बेलघारी मेथाभुरुङ्ग सपाउँदे तलाथोक सडक |
| ८ | तल्लो बलेउ भालुखोला माथिल्लो बलेउ सडक |
| ९ | ललाङ स्यालडाँडा भासेपोखरी कुसुमभन्ज्याङ्ग सडक |

**प्रस्ताव नं. ८**

बिरुवा गाउँपालिकाका विभिन्न कार्यविधिको निर्माण तथा संशोधन सम्बन्धमा।

**निर्णय नं. ८**

बिरुवा गाउँपालिकाको लागि आवश्यक तपसिलका कार्यविधिहरुको सुरु मस्यौदा तथा संशोधित मस्यौदा माथि छलफल गरि स्विकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

१. अविभावकविहिन तथा विपन्न बालबालिकाको लागि छात्रवृत्ति कार्यविधि
२. उत्पादनमा आधारित कृषक अनुदान कार्यविधि-२०८१ (पहिलो संशोधन-२०८२)

**प्रस्ताव नं. ९**

गाउँपालिका स्तरीय अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधिको निर्माणको मस्यौदा निर्माण सतिति गठन सम्बन्धमा ।

**निर्णय नं. ९**

बिरुवा गाउँपालिकाको गाउँपालिका स्तरीय अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधिको निर्माणको मस्यौदा निर्माण गरी कार्यपालिकामा पेश गर्न तपसिलको समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

१. श्री नविन कुमार आले- संयोजक विधायन समिति- संयोजक

बिरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

२. श्री नोम बहादुर गुरुङ्ग- संयोजक सामाजिक विकास समिति-सदस्य
३. श्री पाल सिं विश्वकर्मा- संयोजक पूर्वाधार विकास समिति- सदस्य
४. श्री लेख बहादुर राना - सदस्य विद्यायन समिति- सदस्य
५. श्री खगनाथ पाध्या - सदस्य विद्यायन समिति- सदस्य
६. श्री गोगन सिंह थापा- जनस्वास्थ्य निरीक्षक- सदस्य
७. श्री दिपक ढुंगाना- सहायक प्रशासकीय अधिकृत- सदस्य सचिव

**प्रस्ताव नं. १०**

बालविकास सहजकर्ता, विधालय सहयोगी र विद्यालय कर्मचारी तलब भत्ता सम्बन्धमा।

**निर्णय नं. १०**

बिरुवा गाउँपालिका अन्तर्गतका विद्यालयहमा कार्यरत वालविकास सहजकर्ता, विद्यालय कर्मचारी तथा विद्यालय सहयोगीहरुलाई नेपाल सरकारले दिने तलब भत्तामा गाउँपालिकाको तर्फबाट मासिक तपसिल बमोजिमको रकम थप गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | पद | नेपाल सरकारबाट भुक्तानी हुने तलब(रु.) | पालिकाबाट थप हुने रकम(रु.) | जम्मा रकम(रु.) | कै. |
|---|---|---|---|---|---|
| १. | बालविकास सहजकर्ता | १२०००।- | ५०००।- | १७०००।- | |
| २. | विद्यालय कर्मचारी | १५०००।- | ४०००।- | १९०००।- | |
| ३. | विद्यालय सहयोगी | १००००।- | ५०००।- | १५०००।- | |

**प्रस्ताव नं. ११**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा कोषमा आवद्धता सम्बन्धमा ।

**निर्णय नं. ११**

बिरुवा गाउँपालिका अन्तर्गतका कार्यालयहरुमा करारमा कार्यरत कर्मचारीहरु, स्वास्थ्य संस्थामा करारमा कार्यरत स्वास्थ्यकर्मीहरु र विद्यालयहरुमा कार्यरत विद्यालय कर्मचारी तथा विद्यालय सहयोगीहरु लाई सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने र त्यस्तो आवद्धता पालिकाको कर्मचारीको हकमा तत्काल र अन्यको हकमा संघीय र प्रदेश सरकारबाट रकम सुनिश्चितता भए पश्चात सुरु गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १२**

स्थानीय कार्यसम्पादन मूल्याङ्कन सहजीकरण समिति गठन सम्बन्धमा।

**निर्णय नं. १२**

भेषराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

बिरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

नेपाल सरकारको स्थानीय शासन कार्यसम्पादन मुल्याङ्कन(व्यवस्थापन तथा संचालन) कार्यविधि-२०८२ को दफा १४ को उपदफा १ बमोजिम तपसिलको स्थानीय कार्यसम्पादन मूल्याङ्कन सहजीकरण समिति गठन निर्णय गरियो ।

तपसिल

१. भेषराज आचार्य- प्रमुख प्रशासकीय अधिकृत- संयोजक

२. पिताम्बर पोखेल- प्रशासकीय अधिकृत(सातौं)- प्रशासन शाखा प्रमुख- सदस्य

३. सन्तोष वि.क.- कृषि अधिकृत (सातौं)- कृषि शाखा प्रमुख- सदस्य

४. गिरीराज रोका मगर- शिक्षा अधिकृत (सातौ)- शिक्षा शाखा प्रमुख- सदस्य

५. प्रमिला पौडेल- इन्जिनियर(छैटौं)- प्राविधक शाखा प्रमुख- सदस्य

६. दिपक ढुंगाना- सहायक प्रशासकीय अधिकृत (छैटौं)- योजना शाखा प्रमुख- सदस्य सचिव

<u>प्रस्ताव नं. १२</u>

क्षेत्राधिकार बाहेक करारोपण नगरेको स्वघोषणा सम्बन्धमा।

<u>निर्णय नं. १२</u>

बिरुवा गाउँपालिकाले नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को क्षेत्राधिकार बहेकका क्षेत्रमा कुनै पनि किसिमको करारोपण तथा कर असूली नगरिएको स्वघोषणा गरियो ।

<u>प्रस्ताव नं. १२</u>

विषयगत र क्षेत्रगत सेवा प्रवाह मापदण्ड स्वीकृत सम्बन्धमा।

<u>निर्णय नं. १२</u>

बिरुवा गाउँपालिकाले प्रदान गर्ने विषयगत तथा क्षेत्रगत सेवा प्रवाह मापदण्ड स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>प्रस्ताव नं. १३</u>

वाल संरक्षण मापदण्ड स्वीकृत सम्बन्धमा।

<u>निर्णय नं. १३</u>

बिरुवा गाउँपालिकाको बाल संरक्षण मापदण्ड-२०८२ स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>प्रस्ताव नं. १४</u>

सार्वजनिक जग्गा रहेको सिफारिस सम्बन्धमा।

<u>निर्णय नं. १४</u>

भेषराज आचार्य

बिरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

बिरुवा गाउँपालिका वडा नं. ८ (साविक मनकामना गा.वि.स. वडा नं. ४) प्रस्तावित पुष्पमदन खेल मैदानले उपयोग तथा प्रयोग गरिरहेको कित्ता नं. ६२८ (१९-०-०-०) को जग्गा सार्वजनिक जग्गा रहेको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>प्रस्ताव नं. १५</u>
जग्गा प्लटीङ तथा खण्डीकरणको सम्भावना नरहेको सम्बन्धमा।
<u>निर्णय नं. १५</u>
बिरुवा गाउँपालिका भित्र कुनै पनि प्रकारको जग्गा प्लटिङ्ग तथा खण्डीकरणको सम्भावना नरहेको सम्बन्धित निकायलाई जानकारी गारउने निर्णय गरियो ।

<u>प्रस्ताव नं. १६</u>
बजार अनुगमन समितिको प्रतिवेदन माथी छलफल सम्बन्धमा।
<u>निर्णय नं. १६</u>
बिरुवा गाउँपालिकाको बजार अनुगमन समितिको संयोजक तथा गाउँपालिका उपाध्यक्षले पेश गर्नु भएको बिरुवा गाउँपालिकाको आ. व २०८१/८२ को बजार अनुगमन समितिको प्रतिवेदन माथि छलफल गरी आवश्यक सुझाव सहित पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>प्रस्ताव नं. १७</u>
जिल्ला समन्वय समितिको अनुगमन प्रतिवेदन माथी छलफल सम्बन्धमा।
<u>निर्णय नं. १७</u>
जिल्ला समन्वय समिति, स्याङ्जाबाट प्राप्त बिरुवा गाउँपालिकाको आ. व २०८१/८२ को अनुगमन प्रतिवेदन माथि छलफल गरी उक्त प्रतिवेदनले प्रदान गरेका सुझाव कार्यान्वयनको लागि कार्यालयलाई निर्देशित गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>प्रस्ताव नं. १८</u>
सकरात्मक नेतृत्व तथा दिगो विकास व्यवस्थापन सम्बन्धी कार्यशालाको रकम भुक्तानी सम्बन्धमा।
<u>निर्णय नं. १८</u>
कार्यालय सँगको सम्झौता बमोजिम इस्टर्न रिर्सच इन्स्टिच्यूट अफ पोजेटिभ साईन्स प्रा. ली.ले मिति २०८२/०४/१९ र २० गते कार्यालयमा सञ्चालन गरेको सकरात्मक नेतृत्व तथा दिगो विकास व्यवस्थापन सम्बन्धी कार्यशालाको सम्झौता बमोजिमको रकम र खाजा बापतको रकम गाउँपालिका स्तरीय योजना तथा कार्यक्रमको सि. नं. ५७ को कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

भेषराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत